# सांस्कृतिक संस्थान
## राष्ट्रिय सम्मान तथा पुरस्कार कार्यविधि-२०७९

सांस्कृतिक संस्थान सञ्चालक समितिद्वारा
मितिः २०८१/०२/३१ गते स्वीकृत
सांस्कृतिक संस्थान, जमल, काठमाडौं ।

# सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार कार्यविधि, २०७९

**पहिलो संशोधन (२०८१/०२/३१)**

प्रस्तावनाः
नेपालको मौलिक लोककला, भाषा, साहित्य, नाटच तथा संगीतको माध्यमद्वारा नेपाल र नेपालीको पहिचान संस्कृतिको, संरक्षण,संवर्द्धन, प्रवर्द्धन, विकास एव श्रीवृद्धीमा निरन्तर समर्पित रही विशेष योगदान गर्ने स्रष्टा, सर्जक, कलाकार, साहित्यकार र संस्कृतिकर्मीहरुलाई सम्मान तथा पुरस्कार प्रदान गर्न वाञ्छनीय भएकाले, संस्थानले **सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार** कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम **"सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार कार्यविधि, २०७९"** रहेको छ ।
   (ख) यो कार्यविधि संस्थानले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-
   (क) **"ऐन"** भन्नाले सञ्चार संस्थान ऐन, २०२८ लाई सम्झनुपर्छ ।
   (ख) **"विनियमावली"** भन्नाले सांस्कृतिक संस्थान कर्मचारी सेवा सर्त सम्बन्धी विनियमावली २०७८ लाई सम्झनुपर्छ ।
   (ग) **"संस्थान"** भन्नाले सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) लाई सम्झनु पर्छ ।
   (घ) **"कार्यविधि"** भन्नाले सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार कार्यविधि, २०७९सम्झनु पर्छ ।
   (ङ) **"छनोट समिति"** भन्नाले दफा ४ को उपदफा (४.२) बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।
   (च) **"संयोजक"** भन्नाले सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार तयारी समितिको संयोजक सम्झनु पर्छ ।
   (छ) **"सदस्य"** भन्नालेसांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार छनोट समितिको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले संयोजक समेतलाई जनाउँछ ।
   (ज) **"सम्मान तथा पुरस्कार"**भन्नाले दफा ६ बमोजिमका पुरस्कारहरुलाई सम्झनु पर्छ ।
   (झ) **"संङ्गीत"** भन्नाले गायन, वादनर नृत्यको सामूहिक रुपलाई सम्झनु पर्छ ।
   (ञ) **"नाटच"** भन्नाले पात्रहरुका अभिनयका माध्यमबाट प्रदर्शित गरिने दृश्य कलालाई सम्झनु पर्छ ।
   (ट) **"साधना"** भन्नाले निष्ठा र लगनका साथ गायन, वादन, नृत्य, लेखन, कला, अभिनयआदि क्षेत्रमा निरन्तर समर्पित श्रष्टा, स्रजक एवं साधक सम्झनु पर्छ ।
   (ठ) **"कला"** भन्नाले संगीत, साहित्य, संस्कृति, र ललितकलाबाट श्रृजना गरिएका वस्तु र प्रस्तुत गर्ने सीपलाई सम्झनु पर्छ ।
   (ड) **"विधा "** भन्नाले गायन, वादन, नृत्य, नाटच र सृजना समेतका विधाहरुलाई सम्झनु पर्छ
   (ढ) **"समिति"** भन्नाले दफा ११ बमोजिम गठन हुने समिति तथा उपसमितिलाई सम्झनु पर्छ ।
   (ण) **"सञ्चालक समिति"** भन्नाले सांस्कृतिक संस्थानको सञ्चालक समितिलाई सम्झनु पर्छ ।

३. उद्देश्य:

(क) सांस्कृतिक क्षेत्रका विभिन्न विधा अन्तर्गत लोक, सुगम,शास्त्रीय क्षेत्रका गायक, वाद्यवादक, नृत्यकार, कलाकार, नाटचकार, निर्देशक, रचनाकार र संगीतकार समेतका श्रष्टाहरुलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने ।

(ख) साहित्य, संस्कृति, कला, संगीत र अभिनय मार्फत् मौलिक लोकसंस्कृतिको प्रगतिशिल जनचेतनाजगाई सचेत बनाउने लोकसंस्कृतिको खोज, अनुसन्धान, संरक्षण, संवर्द्धन, प्रवर्द्धन र विकासगर्न महत्वपूर्ण योगदान दिएका क्रियाशिल संस्कृतिविद्, साहित्यकार, कलाविद्, संगीतकार, सर्जक, श्रष्टा साधकहरुलाई प्रोत्साहन गर्ने, सम्मान तथा पुरस्कार प्रदान गर्ने ।

(ग) नाट्य विधातर्फ नाटच कलाकार, लेखक, निर्देशक र प्राविधिकहरुलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने ।

(घ) मौलिक लोकसंस्कृतिको क्षेत्रमा लामो समयदेखि निरन्तर रुपमा क्रियाशिल रही लोक संस्कृतिको उत्थान, जागरण, संरक्षण, प्रर्वद्धन तथा विकास गर्न महत्वपूर्ण योगदान गर्ने विभिन्न सांस्कृतिक विधाका श्रष्टाहरुलाई दीर्घ साधना तथा पुरस्कार प्रदान गर्ने ।

(ङ) बर्ष भरीमा नेपाली मौलिक लोककला संस्कृतिमा उच्च ख्याती प्राप्त संगीतकर्मी र उत्कृष्ट कार्य गर्ने सांस्कृतिक संस्थानका कर्मचारीलाई बर्ष उत्कृष्ट पुरस्कारप्रदान गर्ने ।

४. छनोट समितिको गठन :

४.१ सम्मान तथा पुरस्कार पाउने श्रष्टा, सर्जक र साधकहरुको नाम अन्तिम मनोनयिन गर्न गठित अधिकार प्राप्त समिति हुनेछ ।

४.२ सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार प्राप्त गर्ने व्यक्तिको छनोट गर्न संस्थानले देहाय बमोजिम छनोट समिति गठन गर्नेछ :

क) सांस्कृतिक संस्थानको महाप्रबन्धक : संयोजक

(ख) संगीत (गायन, वादन, नृत्य),नाटच क्षेत्रमा लामो समय देखि क्रियाशील विज्ञ वा विशेषज्ञहरु लमध्येबाट प्रत्येक विधावाट १/१ जना गरी सांस्कृतिक संस्थान सञ्चालक· समितिले मनोनयन गरेका जम्मा :४ जना सदस्य

४.३ समितिको बैठक सम्वन्धी कार्यविधि छनोट समिति आफैले निर्धारण गर्नेछ ।

५. छनोट समितिको काम, कर्तव्य र अधिकार:

छनोट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) संगीत (गायन, वादन, नृत्य), नाटच क्षेत्रमा उत्कृष्ट योगदान गरेका स्रष्टा,सर्जक तथा साधकहरुलाई मापदण्डका आधारमा पुरस्कारका लागि सिफारिस गर्ने ।

(ख) सम्मान तथा पुरस्कार कार्यक्रमको लागि आवश्यक कार्य योजना बनाउने ।

(ग) सम्मान तथा पुरस्कार प्रदान कार्यक्रमको लागि सरोकारवालासँग समन्वय गरी सम्वन्धित विधा तथा सरोकारवालाहरुलाई कार्यक्रममा सहभागी गराउने ।

(घ) सम्मान तथा पुरस्कार कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापनको लागि सिफारिस गर्ने ।

(ङ) सम्मान तथा पुरस्कार कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न आवश्यक अन्य कार्य गर्ने गराउने ।

**६. सम्मान र पुरस्कारका प्रकार:**

६.१ सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार देहाय बमोजिमको विधा र नामबाट प्रदान गरिनेछ :

(क) सांस्कृतिक संस्थान राष्ट्रिय संगीत पुरस्कार :

(अ) गायन

(आ) वादन

(इ) नृत्य

(ख) सांस्कृतिक संस्थान राष्ट्रिय नाटच पुरस्कार ।

(ग) सांस्कृतिक संस्थान राष्ट्रिय दीर्घ साधना सम्मान ।

(घ) सांस्कृतिक संस्थान वर्ष उत्कृष्ट पुरस्कार ।

**७. सम्मान तथा पुरस्कार पाउने व्यक्तिहरु चयन तथा सिफारिसका आधार र प्रक्रिया देहाय बमोजिम हुनु पर्नेछ ।**

(क) छनोट समितिले मापदण्ड भित्र रहेर सम्मान तथा पुरस्कार प्रदान गर्ने व्यक्तिहरुको सूची तयार गर्नुपर्ने ।

(ख) छनोट समितिले प्रत्येक विधामा खोज, अनुसन्धान र अध्ययन गरी सम्बन्धित व्यक्तिको विवरण मगाई अध्ययन, मूल्याङ्कन, अन्य विज्ञहरुसँग परामर्श तथा गहन छलफल गरी ३/३ जनाको नाम सिफारिस गर्नुपर्ने ।

(ग) छनोट समितिले सम्मान तथा पुरस्कारका लागि नाम सिफारिस गर्दा चयन गर्नुको स्पष्ट आधार दिई सिफारिस गरेको हुनुपर्ने ।

(घ) छनोट समितिले प्रत्येक विधामा सिफारिस गरेका ३/३ जनाहरु मध्येबाट सांस्कृतिक संस्थान सञ्चालक समितिले १ जना सर्वोत्कृष्ट योगदानकर्तालाई सम्मान तथा पुरस्कारका लागि छनोट गर्नुपर्नेछ ।

(ङ) वर्ष भरीमा नेपाली मौलिक संस्कृतिमा उच्च ख्याती प्राप्त संगीतकर्मीहरु मध्येबाट ३/३ जना र संस्थानका उत्कृष्ट कर्मचारीहरु मध्येबाट ३/३ जना मध्येबाट समितिले १/१ जना सर्वोत्कृष्ट संगीतकर्मी र उत्कृष्ट कर्मचारीलाई बर्ष उत्कृष्ट पुरस्कारका लागि छनोट गर्नु पर्ने ।

**८. सम्मान तथा पुरस्कारका लागि चयनको मापदण्ड देहाय बमोजिमको हुनेछः**

(क) दीर्घ साधना सम्मान तथा पुरस्कारका लागि नाटच, संगीत, मौलिक लोककला, साहित्य एवं लोकसंस्कृतिको श्रीवृद्धिमा घटीमा ३० वर्ष काम गरेको हुनु पर्ने ।

(ख) नाटच र संगीत (गायन, वादन, नृत्य) पुरस्कारका लागि सम्बन्धित विधामा घटीमा १५ वर्ष क्रियाशिल रहेको हुनु पर्ने ।

(ग) सम्मान तथा पुरस्कारका लागि आफ्नो विधामा विशिष्ट योगदान पुऱ्याएको नेपाली मुलको वा नेपाली नागरिक हुनु पर्ने ।

(घ) आ-आफ्नो विधामा धेरै मञ्चहरुमा प्रदर्शन गरी देश विदेशसम्म पहिचान बनाएको, राष्ट्रिय भाव जागृत गराउन मद्दत पुऱ्याएको, सामाजिक सद्भाव एवं सांकृतिक जागरण ल्याउन सहयोग पुऱ्याएको हुनु पर्ने ।

(ङ) रंगमञ्चमा धेरै मञ्चन वा प्रस्तुती दिएको,अडियो भिजुअल क्यासेट तथा सी.डी. प्रकाशन भएको वाआधुनिक प्रविधि मार्फत कृति प्रकाशन/प्रसारण भएको कृतिहरु एफ.एम्, रेडियो तथा टेलिभिजनमा प्रसारण भएको वा गराएको हुनु पर्ने ।

(च) आफ्नो विषयमा कृति प्रकाशन गरेको वा विभिन्न सञ्चार माध्यम वा जर्नलमा सम्बन्धित साधकको योगदानको बारेमा प्रकाशन तथा प्रसारण भएको हुनु पर्ने ।

(छ) उपर्युक्त योगदान योग्यता हासिल गरेका, ख्याति प्राप्त, लोकप्रिय, प्राज्ञिक साधक मध्ये सम्मान तथा पुरस्कारका लागि वरिष्ठता र जेष्ठताका साथै निजको सिर्जना, कृतिको उत्कृष्टता र स्तरीयतालाई समेत प्राथमिकतामा राख्नु पर्ने ।

(ज) नेपाली मौलिक संस्कृतिमा उच्च ख्याती प्राप्त संगीतकर्मी र संस्थानको उत्कृष्ट कार्य गर्ने, कर्तव्यनिष्ट,नैतिक आचरणयूक्त, सेवा प्रवाहमा समर्पित संस्थानको अहितमा नलागेको कर्मचारीलाई पुरस्कार प्रदान गर्ने, र योग्य व्यक्ति नपाएको खण्डमा त्यो वर्ष त्यस विधाको पुरस्कार प्रदान नगर्ने ।

(झ) छनोट समितिवाट कुनै कारणले कुनै विधामा योग्य व्यक्ति नपाएको खण्डमा वा नाम सिफारिस नभएमा त्यो वर्ष त्यस विधाको पुरस्कार प्रदान नगर्ने ।

(ञ) सम्मान तथा पुरस्कारका लागि नाम सिफारिस गर्दा छनोट समितिमा सहमति हुन नसकेमा संयोजक सहित बहुमतको आधारमा भएको निर्णय मान्य हुने ।

९. **सम्मान तथा पुरस्कार कार्यक्रम र यसको प्रारुपः** उपर्युक्त सम्मान तथा पुरस्कार सांस्कृतिक संस्थानको वार्षिकोत्सवको अवसरमा प्रदान गरिनेछ । त्यसका लागि वार्षिकोत्सव अगावै छनोट समिति गठन गरी नाम सिफारिस गरिसक्नु पर्नेछ ।

१०. **छनोट समितिका सदस्यहरुको योग्यता** :छनोट समितिका सदस्यहरुको योग्यता देहाय बमोजिम हुनुपर्नेछ ।

(क) संगीत (गायन, वादन, नृत्य), नाटच क्षेत्रलाई आफ्नो कर्मक्षेत्र बनाई कम्तीमा १५ वर्ष काम गरेको ।

(ख) लोक सांस्कृतिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएको, सामाजिक पहिचान बनाएको, स्वच्छ छवी भएको, गैर कानूनी कुनैपनि क्रियाकलापमा संलग्न भई दण्डित नभएको ।

(ग) मौलिक लोक संस्कृतिको विरुद्ध कुनै कार्य नगरेको ।

११. समितिः सांस्कृतिक संस्थानले सम्मान तथा पुरस्कार कार्यक्रमको तयारी देखि सम्पन्न गर्ने सम्मका लागि आवश्यकता अनुसार समिति तथा उपसमिति गठन गर्न सक्नेछ ।

१२. भत्ता तथा सुविधाः

सम्मान तथा पुरस्कार कार्यक्रमका लागि नाम सिफारिस गर्न गठित छनोट समितिलाई उपलब्ध गराउने भत्ता तथा आवश्यक अन्य सुविधा नियमानुसार संस्थानले तोकेबमोजिम हुनेछ ।

१३. सम्मान तथा पुरस्कार कार्यक्रमको बजेटःसम्मान तथा पुरस्कार कार्यक्रमका लागि संस्थानले हरेक आर्थिक वर्षमा छुट्टै बजेटको व्यवस्था गर्नेछ ।

१४. सम्मान तथा पुरस्कारको राशी:सम्मान तथा पुरस्कारको राशी हरेक वर्ष सांस्कृतिक संस्थान संचालक समितिले तोके वा व्यवस्था गरे अनुसार हुनेछ।

१५. सम्मान तथा पुरस्कार:सम्मान तथा पुरस्कारमा देहाय बमोजिम रहनेछ :

(क) सांस्कृतिक संस्थान राष्ट्रिय दीर्घ साधना सम्मान : नगद, ताम्रपत्र र दोसल्ला ।

(ख)सांस्कृतिक संस्थान राष्ट्रिय संगीत (गायन, वादन, नृत्य) पुरस्कार: नगद, ताम्रपत्र र दोसल्ला ।

(ग) सांस्कृतिक संस्थान राष्ट्रिय नाटच, पुरस्कार : नगद, ताम्रपत्र र दोसल्ला ।

(घ) सांस्कृतिक संस्थान राष्ट्रिय वर्ष उत्कृष्ट पुरस्कार : नगद, ताम्रपत्र र दोसल्ला ।

१६.कार्यविधिको व्याख्या र संशोधन:

(क) यस कार्यविधिको व्याख्या गर्ने अधिकार सांस्कृतिक संस्थानमा निहित रहनेछ ।

(ख) यस कार्यविधिमा कुनै थपघटको आवश्यकता परेमा संस्थानले संशोधन गर्नसक्नेछ ।